# आर्थिक वर्ष २०७८/०७९

## पाँचौ गाउँसभाको

## बजेट,नीति तथा कार्यक्रम

तिरहुत गाउँपालिका
गोईठी, सप्तरी, प्रदेश नं. २
२०७८।०६।१५

Scanned with CamScanner

आदरणीय गाउँपालिकाका सम्पूर्ण सदस्यज्यूहरु,

अहिले हामी संविधानको सर्वस्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं । यो काम जटिल र चुनौतिपूर्ण अवश्य छ तर यसलाई नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन । संविधान प्रदत्त हक अधिकार सहित गठित गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष ०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न यहाँहरु समक्ष उपस्थित भएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता, लोकतन्त्र तथा शान्ति लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु, साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु राजनैतिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

१. स्थानीय तहमा लामो समय जनप्रतिनिधिहरु नरहेको अवस्थाबाट हामी निर्वाचित भएर यस गाउँपालिकाको विकासमा योगदान दिने उद्देश्यका साथ आएका छौं । लामो समयसम्म निर्वाचित जनप्रतिनिधि नभएको अवस्था र भर्खर मात्र गठित यस गाउँपालिकाका विविध समस्या, चुनौति र अवसरहरु छन भन्ने हामीलाई लागेको छ । यसका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ, त्यस तर्फ हामी प्रतिबद्धताका साथ लागि पर्ने नै छौ । लामो समय पश्चात् भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुको यस सभामा जनताका आकांक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र तिरहुत गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफू र यस सभालाई गौरवान्वित ठानेको छु ।यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, निर्वाचित पदाधिकारीहरु, राजनैतिक दलका पदाधिकारीहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाजका अभियन्ताहरु, शिक्षक, पत्रकार, उद्योगपति, व्यापारी तथा समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

२. कोभिड-१९ (कोरोना भाइरस)ले हरेक क्षेत्रमा पारिरहेको चुनौती पूर्ण र असहज अवस्था र महामारीबाट संक्रिमित भई ज्यान गुमाउने सम्पूर्ण मानव जाति, नेपाली शोकाकुल परिवार जनप्रति गहिरो समवेदना व्यक्त गर्दै संक्रिमित समपूर्णको सिघ्र स्वास्थ्य लाभको कमाना गर्दछु । साथै आदणिय गाउँपालिका वासीहरुमा धैर्य, आपसी सहयोगबाट संलग्ता, एकता सहित नेपाल सरकारले रोकथाम र नियन्त्रणका लागि चालेका अभियानको पूर्ण रुपमा साथै र सहयोग गर्न अव्हान गर्दैकोरोना रोकथाम नियन्त्रण र उपचारका लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा स्वच्छीक रुपमा सहयोग गर्ने अवहन गर्दछु ।

३. कोभिड १९ को माहामारीबाट पर्न सक्ने जोखिमहरू न्यूनिकरण गर्न, प्रभावितलाई राहत तथा रोजगारी गुमाएका र वैदेशिक रोजगारीबाट वर्जित नागरिकहरूको लागि आवश्यक कार्यक्रमहरू संचालन गरिने छ । स्वास्थ्य संस्थाको संस्थागत क्षाता विकास, उपचार सामग्री, औषधि, स्वास्थ्यकर्मी तालिम तथा क्वारेन्टाइन प्रयोग भई रहेको विधालयहरूको भौतिक सुधार र सरसफाइका लागि आवश्यक व्यव्स्था मिलाउने छ ।साथै यस कठिन परिस्थितीमा आफ्नो ज्यान जोखिमलाई परवाह नगरी मानवीय सेवामा समर्पित चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी, सरसफाइकर्मी, एम्वसलेस चालक लगायत यस क्षेत्रमा अहोरात्र सेवारत सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक एवम सामाजिक संघसंस्थाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

४. कोभिड १९ का कारण भएको बन्दाबन्दीको पूर्ण पालना गर्दै १ घुम्ती स्वास्थ्य शिविर संचालन गर्न स्वास्थ्य परिक्षण, उपचार सेवा, खास गरी वालबालिका, किशोरी, बृध्द बृध्दा तथा जोखिममा रहेका व्यक्ति र विपन्न नागिरकका लागि व्यक्तिगत सरसफाइ, वैकल्पिक उपचार विधिहरूको प्रयोग, मनोसामाजिक परामर्श सेवा तथा रोग प्रतिरोधात्मक क्षमतामा बृध्दि ल्याउने जस्ता कार्यक्रमहरू संचालन गरिनेछ ।

५. कोभिड १९ महामारीको जनस्वास्थ्य सँग सम्बन्धित जोखिमहरूको न्यूनिकरण गर्नका लागि आवश्यकता अनुसार गुणस्तरयुक्त क्वारेन्टाइन केन्द्रहरूको स्थापना गरिदै लगिने छ । जोखिममा रहेको व्यक्तिहरूको पहिचान परिक्षण र संक्रमित व्यक्तिको उपचारको व्यवस्था पक्रिया प्रबन्धहरू मिलाउनेछ ।

तराईका हरिया फाँटहरु रहेको यस क्षेत्रमा कृषि, उद्योग र पर्यटनलाई नमूनाको रुपमा विकास गरी समग्र गाउँको गन्तव्यविहिन विकासको यात्रामा पूर्ण विराम लगाउँदै दीगो र दीर्घकालिन विकास र रणनीति साथ आगामी आ.व. देखि स्पष्ट मार्गचित्र सहितको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनिय योगदान हुने सम्भावना देखेको छु, जसको लागि गाउँको आर्थिक विकास योजना बनाई आगामी दिनमा अगाडि बढाइनेछ । यसका साथ साथै आगामी दिनहरुमा समग्र गाउँपालिकाको एकिकृत योजना तयार गरी स्पष्ट लक्ष्य र उद्देश्यका साथ परिणाममुखी भई अगाडि बढ्न आफू प्रतिवद्ध रहेको व्यहोरा यस सम्मानित सभामार्फत समग्र गाउँबासीमा प्रतिबद्धता जाहेर गर्न चाहन्छु ।

**गाउँसभाका सदस्यज्युहरु,**

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व यस गाउँपालिकाको दीर्घकालिन सोंच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objective) र अपेक्षित उपलब्धी प्रस्तुत गर्दछु ।

**लक्ष्य**

"गाउँपालिकाका प्रत्येक नागरिकको सामाजिक र आर्थिक जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याई "जनजनको साथ जनजनको विकास" गरी उत्कृष्ट तिरहुत निर्माण गर्ने ।

**उदेश्य**

गाउँपालिकाका उद्धेश्यहरु देहाय अनुसार रहेका छन :

संघीयताको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरूको अधिकतम उपभोग गर्नसक्ने व्यवस्था गर्न, आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्न,योजनाहरूको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीयस्तरमा नै प्रदानगरी जबाफदेहीता बहन गर्नसक्ने स्थानीय तहहरूको संस्थागत विकास गर्न र स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरूमा निर्णय गर्नसक्ने गरी शासन पद्धतिको विकास गर्ने ।

सामाजिक कुरीतिको रुपमा रहेको दाइजो प्रथाको अन्त्य गर्ने क्षेत्रमा कार्यक्रमहरु बनाउने ।
आर्थिक सम्वृद्धिका लागि स्वरोजगारमूलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने तर्फ विशेष पहल गर्ने ।
भौतिक पूर्वाधार अन्तरगत प्रत्येक बाटो वर्खायाममा हिलोरहित हुने व्यवस्था गर्ने ।
आधुनिक कृषि प्रणालीको विकास गरी कृषि सेवा केन्द्रको स्थापना, कृषि उपजको बजारिकरण तथा विस्तारिकरण मार्फत गरिवी न्यूनीकरणमा जोड दिने ।
पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन प्रर्द्धनमा जोड दिने ।
जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, शारिरीक अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिइ समावेशी र दिगो विकासको अवधारणा आत्मसात् गर्ने ।

Scanned with CamScanner

गुणात्मक शिक्षाको माध्यमबाट सुशिक्षित समाज निर्माणमा जोड दिने।
स्वास्थ्य शिक्षालाई पहुँचयोग्य, सुलभ बनाउँदै यस क्षेत्रमा देखिएका स्वास्थ्य समस्यालाई निराकरण गर्ने
प्रत्येक वडा कार्यालयले दिने सुविधामा हस्तलिखित सिफारिशहरु हटाई कम्प्यूटरमा आधारित सिफारिश प्रदान गर्ने।
प्रत्येक वडा कार्यालयलाई इन्टरनेट तथा इन्ट्रानेटमा आवद्ध गराई भिडियो कन्फरेन्सको व्यवस्था गर्ने।

१. *प्रमुख कार्यहरु:*

*नेपालको संविधान तथा अन्य प्रचलित कानूनहरुमा उल्लेख भएअनुसार गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् : (१) गाउँ सभाको निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु गराउनुको अतिरिक्त गाउँपालिकाले अनिवार्यरूपमा गर्नुपर्ने काम र कर्तव्य देहायबमोजिम हुनेछः-*

(क) *अर्थ सम्बन्धीः*

(१) गाउँपालिकाको वार्षिक बजेट, योजना र कार्यक्रमहरू तयार गरी गाउँसभामा पेश गर्ने।
(२) आय र व्ययको लेखा र तत्सम्बन्धी अन्य कागजातहरू अद्यावधिक रूपमा राख्ने।
(३) स्वीकृत बजेटको परिधिभित्र रही गाउँपालिकाको निर्णय कार्यान्वयन गर्न रकम खर्च गर्ने।
(४) गाउँ सभाले स्वीकृत गरेको कर, दस्तुर, शुल्क आदि उठाउने।

(ख) *भौतिक विकाससम्बन्धीः*

(१) गाउँपालिका क्षेत्रमा आवास योजना बनाई कार्यान्वयन गर्ने, गराउने।
(२) गाउँपालिका क्षेत्रको भू-उपयोग नक्सा बनाई औद्योगिक, आवासीय, कृषि, मनोरञ्जन स्थल आदि क्षेत्रतोक्ने र कार्यान्वयन गर्ने, गराउने।
(३) गाउँपालिका क्षेत्रमा खानेपानी र ढल निकाससम्बन्धी योजना कार्यान्वयन गर्ने तथा त्यसको सञ्चालन र मर्मत सम्भार गर्ने, गराउने।
(४) गाउँपालिका क्षेत्रभित्रका विभिन्न ठाउँहरूमा हरियाली क्षेत्र, उद्यान र मनोरञ्जन स्थलहरूको विकास गर्ने, गराउने
(५) गाउँपालिका क्षेत्रका विभिन्न ठाउँहरूमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने, गराउने।
(६) गाउँपालिका क्षेत्रमा निर्माण गरिने घर, भवन आदिको नक्सा पास गर्ने, गराउने।
(७) सामुदायिक भवन तथा विश्राम गृह बनाउने।

(ग) *जलस्रोत, वातावरण र सरसफाइसम्बन्धी :*

(१) गाउँपालिका क्षेत्रमा रहेका खोलानाला, कूवा, इनार, पोखरी, आदिको संरक्षण गरी सदुपयोग गर्ने, गराउने।
(२) गाउँपालिका क्षेत्रमा सिँचाई योजना लागु गर्नुपर्ने भएमा त्यसको योजना बनाई कार्यान्वयन गर्ने, गराउने।
(३) गाउँपालिका क्षेत्रमा सम्भावित नदी, कटान, बाढी तथा भू-क्षय आदिको नियन्त्रण र रोकथाम गर्ने, गराउने।
(४) गाउँपालिका क्षेत्रमा हुने जल, वायु तथा ध्वनि प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने, गराउने।
(५) गाउँपालिका क्षेत्रभित्रका वन, वनस्पति तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण गर्ने, गराउने।
(६) गाउँपालिका क्षेत्रमा सरसफाईको कार्यक्रम सञ्चालन गर्ने, गराउने।
(७) फोहोर मैला सङ्कलन, ढुवानी तथा तह लगाउने सम्बन्धी कामको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने।

(घ) *शिक्षा तथा खेलकूद विकाससम्बन्धी :*

(१) गाउँपालिका क्षेत्रमा विद्यालयहरू स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने तथा स्थापना गर्न अनुमति दिने।
(२) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरूको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने र त्यस्ता विद्यालयहरूको स्थापना र खारेजी गर्ने।
(३) गाउँपालिका क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने।

Scanned with CamScanner

(४) आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिहरूका छात्र-छात्राहरूलाई छात्रवृत्तिको व्यवस्था मिलाउने ।

(५) गाउँपालिका स्तरीय प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, गराउने

(६) गाउँपालिका क्षेत्रमा पुस्तकालय तथा वाचनालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने ।

(७) खेलकूद विकास कार्यक्रमहरू बनाई कार्यान्वयन गर्ने, गराउने ।

(८) गाउँस्तरीय खेलकूद विकास समिति गठन गरी खेलकूदको विकास गर्ने, गराउने ।

(९) प्रत्येक सामुदायिक विद्यालयहरुमा क्रमशः बाल विकास केन्द्र भवन निर्माण गरी सञ्चालन गर्ने ।

(१०) अनिवार्य शिक्षा कार्यक्रमलाई कडा रुपमा कार्यान्वयन गर्ने ।

(११) प्रत्येक वर्ष एक सार्वजनिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठन पाठनको व्यवस्था गर्न प्रोत्साहित गर्ने ।

(ङ) *संस्कृतिसम्बन्धि :*

(१) गाउँपालिका क्षेत्रभित्रका सांस्कृतिक तथा धार्मिक महत्वका स्थानहरूको लगत तयार गरी तिनीहरूका मर्मत सम्भार गरी संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।

(२) गाउँपालिका क्षेत्रभित्रका पुरातात्विक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवम् प्रयोग गर्ने, गराउने ।

(च) *निर्माण तथा यातायात सम्बन्धि :*

(१) गाउँपालिका क्षेत्रभित्र नेपाल सरकारको जिम्मामा रहेका सडकबाहेक आवश्यक पर्ने कच्ची, पक्की सडक, पूल, कलभर्टहरूको योजना बनाई निर्माण तथा मर्मत सम्भार गर्ने, गराउने ।

(२) गाउँपालिका क्षेत्रभित्र बसपार्क, रिक्सा र ट्रक आदिको पार्किङ व्यवस्था गर्ने, गराउने ।

(३) गाउँपालिकाको यातायात आवश्यकतालाई विचार गरी ठेला, रिक्सा आदिको अधिकतम हद तोक्ने र तिनीहरूलाई दर्ता गरी नम्बर दिने ।

(४) यातायात गुरु योजना बनाउने ।

(छ) *स्वास्थ्य सेवा सम्बन्धि :*

(१) गाउँपालिकास्तरीय अस्पताल, आयुर्वेदिक औषधालय र स्वास्थ्य केन्द्रहरूको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।

(२) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य चौकीहरू खोल्ने, सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।

(३) परिवार नियोजन, मातृशिशु कल्याण, सुरक्षित मातृत्व, विस्तारित खोप, पोषण, जनसङ्ख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

(४) महामारी तथा सङ्क्रामक रोगको रोकथामको व्यवस्था गर्ने, गराउने ।

(५) गाउँपालिका क्षेत्रमा जनस्वास्थ्यको लागि हानिकारक चीजवस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउने वा हटाउने

(६) जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोगमा रोक लगाउने ।

(७) महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई खुल्ला दिसामुक्त, पूर्ण सरसफाई र सुरक्षित मातृत्व जस्ता राष्ट्रिय अभियानमा परिचालन गर्ने, गराउने ।

(८) कोभिड १९ को कारण सृजित मनोवैज्ञानिक डर, चिन्ता, अघात लगायत मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्यालाई प्रवर्धन तथा समाधानको लागि जनचेतना कार्यक्रम ल्याउनेछ ।

Scanned with CamScanner

(ज) *समाज कल्याण सम्बन्धि :*

(१) बेवारिसे मृतक व्यक्तिको दाहसंस्कारको व्यवस्था गर्ने, टुहुरा, असहाय तथा अशक्तहरूको लागि अनाथलयको व्यवस्था गर्ने, गराउने ।

(२) महिला तथा बालबालिकाको हित र कल्याणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा अनैतिक पेशा व्यापार नियन्त्रणसम्बन्धी कार्य गर्ने, गराउने ।

(३) घरेलु हिंसाबाट पिडितहरुका लागि Safe House को व्यवस्था गर्ने ।

(झ) उद्योग तथा पर्यटन सम्बन्धि :

(१) गाउँपालिका क्षेत्रमा घरेलु, साना तथा मझौला उद्योगको प्रवर्द्धनमा उत्प्रेरकको काम गर्ने, गराउने र यस आर्थिक वर्षमा उद्योग स्थापनाका लागि स्विकृति माँग गर्ने पहिलो ५ उद्योगको स्थानीय करमा २५ प्रतिशत छुट दिईने ।

(२) गाउँपालिका क्षेत्रभित्रको प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण, सम्बर्द्धन, विस्तार र सदुपयोग गर्ने, गराउने ।

(३) उद्योगको संरक्षण, सम्बर्द्धन र प्रोत्साहन गर्दै जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने उद्योगहरुको वातावरणिय जोखिम न्यूनिकरणका लागि आवश्यक उपकरणहरुको प्रयोग अनिवार्य गर्ने व्यवस्था गर्ने, गराउने ।

(४) औद्योगिक लगानीको वातावरण निर्माण हुने गरी औद्योगिक नीति बनाई लागू गर्ने ।

(ञ) *विविध:*

(१) गाउँपालिका क्षेत्रको सडकको दायाँ बायाँ र अन्य आवश्यक ठाउँमा वृक्षारोपण गर्ने ।

(२) कान्जी हाउस, पशुवधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्ने ।

(३) गाउँपालिका क्षेत्रको ऐलानी तथा सरकारी पर्ती जग्गाहरूको संरक्षण गर्ने ।

(४) मसान घाटको निर्धारण र व्यवस्थापन गर्ने ।

(५) व्यापार तथा वाणिज्यको विकासको लागि काम गर्ने ।

(६) गाउँपालिकाको विनियम तर्जुमा गरी गाउँसभा पेस गर्ने ।

(७) दैवीप्रकोप नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने ।

(८) गाउँपालिका क्षेत्रभित्रको जनसङ्ख्या तथा घर जग्गाको लगत राख्ने ।

(९) प्रचलित कानूनबमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ।

(१०) गाउँपालिका क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग बालबालिकाहरूको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था गर्ने ।

(११) बौलाहा तथा छाडा कुकुर व्यवस्थापन गरी बन्ध्याकरणको माध्यमबाट सार्वजनिक हितको सुरक्षा गर्ने र मरेका पशुपंक्षी गाड्ने ठाउँ तोक्ने ।

(१२) जोखिम उत्पन्न गर्ने रुख काट्न लगाउने, घर पर्खाल आदि भत्काउन लगाउने ।

(१३) गाउँपालिका क्षेत्रको घरको ब्लक नम्बर राख्ने ।

(१४) पशु बधशालाको प्रबन्ध गर्ने ।

(१५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने ।

(१६) गल्ली तथा सडकमा बत्तीको व्यवस्था गर्ने ।

(१७) गाउँपालिका क्षेत्रमा सिनेमा हल खोल्न स्वीकृति दिने ।

(१८) हाट, बजार मेला आदिको प्रबन्ध गर्ने, गराउने ।

(१९) बारुणयन्त्रको सञ्चालन र व्यवस्थापन गर्ने, गराउने ।

(२०) कुनै विशिष्ट व्यक्तिलाई सम्मानार्थ विशिष्ट व्यक्तिको रूपमा सम्मान प्रदान गर्ने ।

(२१) गाउँपालिका क्षेत्रको विकाससम्बन्धी अन्य कामहरू गर्ने, गराउने ।

Scanned with CamScanner

(२२) सहकारिताको विकासको लागि सहयोग पुऱ्याउने ।

(२३) गाउँपालिकालाई आय-आर्जन हुने सहकारी, औद्योगिक तथा व्यवसायिक कार्यक्रम निजी क्षेत्रको समेत लगानीमा सञ्चालन गर्न प्रोत्साहित गर्ने, गराउने ।

(२४) सहकारितामा आधारित विविध कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्ने, गराउने ।

(२५) प्रचलित कानुनबमोजिम तोकिएका अन्य कामहरू गर्ने ।

(२) गाउँपालिकाले उप-दफा (१) बमोजिमका काम, कर्तव्यको अतिरिक्त गाउँपालिका क्षेत्रमा देहायबमोजिमका ऐच्छिक कामहरू समेत गर्न सक्नेछः-

(क) गाउँपालिका क्षेत्रभित्र स्तरयुक्त विद्यालय शिक्षा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने ।

(ख) गाउँपालिका क्षेत्रबाट निरक्षरता निर्मूल पार्न साक्षरता कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ग) गाउँपालिका क्षेत्रका विभिन्न ठाउँहरूमा पुस्तकालय तथा वाचनालयहरू स्थापना गरी सञ्चालन गर्ने ।

(घ) गाउँपालिका क्षेत्रभित्र अव्यवस्थित बसोबास नियन्त्रण गर्ने ।

(ङ) निर्देशित जग्गा विकास, भू-उपयोगजस्ता कार्यहरूको माध्यमबाट गाउँको बनावट तथा विकासलाई व्यवस्थित तुल्याउने ।

(च) वृद्ध आश्रम तथा अनाथालयको व्यवस्था गर्ने ।

(छ) विद्युत आपूर्ति र सञ्चार सुविधाको व्यवस्था मिलाउने ।

(ज) गाउँपालिकामा मनोरञ्जन स्थल, क्रिडास्थल, संग्रहालय, चिडियाखाना, पार्क आदिको व्यवस्था मिलाउने

(झ) बेरोजगारी कम गर्न बेरोजगारहरूको तथ्याङ्क सङ्कलन गरी रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ञ) नदी प्रदूषण नियन्त्रण गर्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ट) एम्बुलेन्स सेवा उपलब्ध गराउने ।

(ठ) गाउँपालिका क्षेत्रमा शव वाहनको व्यवस्था मिलाउने ।

(ड) दैवीप्रकोपबाट हुने धनजनको क्षति कम गर्न निरोधात्मक तथा उद्धारका कार्यहरू गर्ने ।

(३) गाउँपालिका क्षेत्रमा गर्नुपर्ने विकास निर्माण कार्यको लागि उपभोक्ता समूह तथा अन्य गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गरी यथासम्भव त्यस्ता समूह वा संस्थाहरू मार्फत गर्ने गराउने ।

२. गाउँपालिकाको योजनाका प्रमुख नीति, मार्गदर्शन तथा कार्यक्रमहरु

*२.१ गाउँ पालिकाका योजनाका प्रमुख नीतिहरू :*

*२.१.१ भौतिक पूर्वाधार विकास*

थुप्रै स-साना सडकहरुमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुननसक्ने भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदै महत्वपूर्ण मानिएका र ग्रामिण सडक गुरुयोजनामा पर्ने तथा गौरवका आयोजनालाई प्राथमिकताका साथ रकम विनियोजन गर्ने नीति लिइएको छ । ग्रामीण क्षेत्रमा सडक सञ्जाल निर्माण तथा सिंचाई आयोजनाहरु छनौटगर्दा कृषि पकेट क्षेत्रलाई आधार लिइनेछ । मर्मत संभार कोषको उचित व्यवस्थापन गरिनेछ । प्रत्येक योजनाका लागि विनियोजित रकमको २ प्रतिशत रकम कट्टा गरी उक्त कोषमा जम्मा गरिनेछ । साझेदारीमा मर्मत संभार कार्य सञ्चालन गरिनेछ ।ग्रामिण यातायात गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।अपाङ्ग मैत्री भौतिक संरचनाहरुको निर्माणमा जोड दिइनेछ । यस आर्थिक वर्षमा आगामी ५ वर्षभित्र सम्पन्न गरिने अत्यावश्यक र शहरी पुर्वाधारका लागि अनिवार्य योजनाहरुको सहभागितात्मक प्रकृयाबाट छनौट गरी Project Bank बनाईनेछ ।

Scanned with CamScanner

२.१.२. *खानेपानी तथा सरसफाई*

खानेपानी तथा सरसफाईको कठिनता मापन गरी खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ।यस गाउँलाई खुल्ला दिशामुक्त क्षेत्र (ODF) घोषणा गर्ने जिल्ला सरसफाई सम्मेलन २०७० को घोषणाअनुरुप परिमार्जित खानेपानी तथा सरसफाई सम्बन्धी रणनीतिलाई यस गरिमाभय सभाबाट स्वीकृत गरी लागु गरिनेछ। उक्त लक्ष्यलाई मूर्तरुप प्रदानगर्न सरकारी, गैरसरकारी, निजीक्षेत्र, नागरिक समाज, सञ्चारकर्मी समेतको सहयोग र सहकार्यमा यस कार्यलाई अभियानको रुपमा अगाडि बढाउने नीति लिइनेछ। खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा जिल्ला खानेपानी स्वच्छता तथा सरसफाई रणनीतिलाई अवलम्बन गरिनेछ।ODF भएको वडाहरुमा POST ODF कार्यक्रम सञ्चालन गरिनेछ।सरसफाई वानी व्यवहार परिवर्तन गर्न स्थानीय तहको अगुवाईमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। खुला दिशामुक्त घोषणा कार्यान्वयनमा कार्यालयमा फोहोरमैला व्यवस्थापन इकाईको व्यवस्था गरी सो कार्यलाई उच्च प्राथमिकतामा राखी गाउँवासीको पुर्ण सहयोग र समर्थनको अपेक्षा गरिएको छ। वातावरणमैत्री गाउँपालिका बनाउन यस वर्ष एक वडाबाट सोको सूचकहरु प्राप्त गर्न आवश्यक कार्य प्रारम्भ गरिनेछ। यस आर्थिक वर्षमा फोहर मैला प्राविधिक सहयोग केन्द्रसँग डस्टविन तथा कम्पोष्ट विन समेतको सहयोग माँग गरिने छ।

२.१.३. *विपत् व्यवस्थापन तथा भू-संरक्षण*

प्रकोपबाट गाउँवासीको सुरक्षाको लागि समयमा प्रकोप सूचना प्रवाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ। यथार्थ लागत संकलन गर्नका लागि सर्वदलीय संयन्त्रको व्यवस्था गर्ने। वितरणमा एकसाथै सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। गाउँको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। आपतकालीन उद्धार केन्द्रलाई आवश्यक सहयोग पुऱ्याइनेछ। डुवान, कटान तथा भू-क्षय नियन्त्रणको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ। यसै आर्थिक वर्षमा विपद व्यतस्थापन कोष स्थापना गरिनेछ, सो कोषको सञ्चालनका लागि आवश्यक कार्यविधि बनाई लागु गरिनेछ।

२.१.४. *विद्युत तथा वैकल्पिक ऊर्जा*

यस गाउँलाई अन्धकारमुक्त गाउँ बनाउन वैकल्पिक ऊर्जाको प्रयोग गर्ने नीतिलाई विभिन्न गै.स.स.को सहयोगमा कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ।वैकल्पिक ऊर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ। वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग सडक सौर्य बत्तिका लागि लागत सहभागिताको आधारमा सहयोग माँग गरि आगामी वर्षभित्र "उज्यालो तिरहुत" को लक्ष्य हासिल गरिने छ।

२.१.५. *शिक्षा*

"शिक्षा विनाको संसार, सदा रहन्छ अन्धकार" भन्ने नारालाई मुर्तरुप दिन अनिवार्य शिक्षा लागु गरिनेछ। सामुदायिक विद्यालयबाट SEE परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने १ जना छात्र र एक जना छात्रा र दलित मध्येबाट सर्वोत्कृष्ट अंक प्राप्त गर्नेलाई दोहोरो नपर्ने गरी पुरस्कार उपलब्ध गराइने छ। प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन सामाजिक परिचालकमार्फत प्रोत्साहित गरी साक्षरता प्रतिशतमा सुधार गरिनेछ। राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमूलक बनाउन शिक्षा क्षेत्रमा क्रियाशील गै.स.स.हरुसँग सहकार्य र समन्वय गर्दै अनुगमन, मूल्याङ्कन पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याइनेछ। विद्यालय जाने उमेर समुहका बालबालिकालाई विद्यालय भर्ना नगर्ने अभिभावकहरुलाई समेत कारवाही गर्ने नीति लिईनेछ। गाउँपालिकामा खेलकुद विकास कोष खडा गरी खेलकुद विकासमा जोड दिइनेछ। खेलकुद विकास समिति मार्फत खेलकुदमा सहयोग गरिनेछ। सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधार विकास तथा स्तरोन्नतिको लागि विकास साझेदारहरुसँग समन्वय गरी श्रोतको व्यवस्थापन गरिनेछ। प्रत्येक वडामा मूल विकास केन्द्रको विकास गरिदै जाने नीति लिईएको छ।

Scanned with CamScanner

२.१.६ स्वास्थ्य

गाउँको स्वास्थ्य संस्था तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुमा क्रमश: चौबिसै घण्टा प्रसुती सेवा सञ्चालनको लागि आवश्यक साधन स्रोतको व्यवस्थाको लागि सम्बन्धित मन्त्रालयमा समेत अनुरोध गरिनेछ। **HIV/AIDS** नियन्त्रणको लागि प्रभावकारी कार्यक्रम बनाइनेछ। यस क्षेत्रमा क्रियाशील संघ संस्थाहरुबीचको समन्वयलाई सुदृढ तुल्याइने छ। गाउँको पोषण अवस्थामा सुधार ल्याउन बहु-सरोकारवाला पोषण योजना कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ। आयुर्वेद चिकित्सा प्रणालीको विकासको लागि सहयोग पुर्‍याईनेछ। नेपाल सरकारको एक गाउँपालिका एक अस्पतालको नीतिलाई अवलम्वन गर्दै यथाशिध्र निर्माणका लागि पहल गरिनेछ।

२.१.७ वन, वातावरण तथा जलवायु परिवर्तन

सडक निर्माण गर्दा दुबैतर्फ वृक्षारोपण गर्ने नीति लिइनेछ तथा **Environment Management Plan (EMP)** बनाई कार्यान्वयन गरिनेछ। वृक्षारोपण तथा भू-संरक्षण कार्य गर्दा साझेदारीमा गर्ने नीति लिइनेछ। जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। वातावरण मैत्री विकास प्रदुषण न्युनिकरण (नियन्त्रण) का लागि औद्योगिक उत्पादनमा प्रदुषण कर लिईने नीति लिईनेछ, जसलाई प्रदुषण कर संकलन कार्यविधि मार्फत नियमन गरिनेछ।

२.१.८ कृषि तथा पशु

निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्ने नीति लिइनेछ। उन्नत जातका पशुपालनलाई प्रोत्सासन गर्दै व्यवसायिकरण गरी दुध, फुल र मासुको आपूर्तिलाई टेवा दिइनेछ। कृषि सहकारितालाई प्रोत्साहित गरिनेछ। यसलाई उत्पादकत्व वृद्धिको आधार बनाईनेछ। सार्वजनिक निजी साझेदारीमा शीत भण्डार स्थापना गर्न पहल गरिनेछ। कृषि पकेट क्षेत्रलाई आधार लिई एकिकृत रुपमा सुविधा विस्तार गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषि विकास नीति बनाई कार्यक्रम सञ्चालन गरिनेछ। साथै छाडा पशु नियन्त्रणका लागि कार्याविधि निर्माण गरी लागु गरिनेछ। साथै स्यालो टयुबवेल, डिप वोरिङ्गको लागि सिंचाई मन्त्रालयससँग समेत माँग गरिनेछ।

२.१.९ सहकारी, गरिवी न्यूनीकरण तथा उद्यमशीलता विकास

विपन्न लक्षित समूहका लागि आयमूलक तथा सीपमूलक कार्यक्रम गै.स.स. समेतको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ। सो तालिम पश्चात सोको कारणबाट भएको कामकारवाहीको प्रभाव मुल्याङ्कन समेत गर्नुपर्ने व्यवस्था अनिवार्य गरिनेछ। सहभागिताको माध्यमबाट ग्रामीण गरिवी न्यूनीकरण एवं सामाजिक पुँजी निर्माणमा जोड दिइनेछ। लघु उद्यमको विकासको माध्यमबाट गरिवी निवारण गर्न गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम र उद्योग वाणिज्य संघ मार्फत सञ्चालित लघु-उद्यम कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। सीपमुलक तालीम पश्चात सो कार्यको प्रभाव विश्लेषण (**Outcome Analysis**) अनिवार्य गर्नुपर्ने व्यवस्था लागू गरिनेछ।

२.१.१० व्यवस्थित वस्ती विकास

समुदायको अग्रसरतामा वस्ती विकासलाई प्रोत्साहित गरिनेछ। समुदायको अग्रसरतामा व्यवस्थित वस्ती विकास गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ। आगामी आ.व.मा व्यवस्थित वस्ती विकास गर्नबजेट प्रस्ताव गरिएको छ। व्यवस्थित वस्ती विकास र जग्गा विकास कार्यविधि यसै आर्थिक वर्षभित्र तयार गरी लागु गरिनेछ। अबैज्ञानिक, अव्यवस्थित तरिकाले भईरहेको जग्गा प्लटिङकार्यलाई निरुत्साहित गरिनेछ। गाउँपालिकाले जग्गा विकास तथा भुउपयोग नीति बनाई सोको अनिवार्यरुपमा पालना गर्नुपर्ने व्यवस्था गरिनेछ।

२.१.११ *पर्यटन*

पर्यटन प्रवर्द्धनको लागि गाउँमा प्रमुख पर्यटकीय स्थलहरूको पूर्वाधार विकास गरिनेछ । यस गाउँलाई औद्योगिक पर्यटकस्थलको रुपमा विकास गर्ने तथा लोहजाराको पिकनिक स्पोर्ट लगायत अन्य खोलाहरुको छेउमा नदी उकास् तथा किनाराका जमीनहरुको संरक्षण गरी उचित सदुपयोग गर्न पार्क निर्माण तथा वृक्षारोपण गर्ने नीति लिईनेछ । पर्यटकिय स्थलहरुको विकास र सुन्दर गाउँको निर्माण गर्ने एकिकृत गुरुयोजना निर्माण गरी गुरुयोजना अनुसार सम्बन्धित निकायसँगको साझेदारीमा विकास प्रक्रियालाई अगाडी बढाइनेछ । यस गाउँक्षेत्रभित्र पिकनिक स्पोटहरुको विकास तथा निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

२.१.१२ *सुशासन तथा संस्थागत विकास*

यस निकायबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको ग्रामिण नागरिक बडापत्र तयार गरिनेछ ।गाउँमा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण आदि मार्फत सुशासनमा जोड दिइनेछ । गैर जिम्मेवार र अनुशासनहिन कर्मचारीलाई शुन्य सहनशिलताको सिद्धान्त बमोजिम कारवाही गरिनेछ । सेवाग्राहिलाई उचित व्यवहार गर्दै मुस्कान सहितको सेवा तोकिएको समयावधि भित्र उपलब्ध गराईनेछ, तोकिएको समयावधि भित्र सेवा उपलब्ध नगराएमा सम्बन्धित कर्मचारीहरुको सेवा, सुविधाबाट रकम कटटा गरी सेवाग्राहीलाई क्षतिपुर्ति उपलब्ध गराईनेछ ।

२.१.१३ *लक्षितवर्ग तथा समावेशीकरण*

लक्षितवर्ग तथा सामाजिक समावेशीकरण तर्फ सामाजिक परिचालनको माध्यमद्वारा लक्षित समूहलाई सशक्तिकरण गरी माँगमा आधारित कार्यक्रम अझ प्रभावकारीरुपमा सञ्चालन गरिनेछ ।बालश्रम उन्मूलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडि बढाइने छ ।ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम आयोजना गरिनेछ साथै ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापनाको लागि आवश्यक सहयोग पुर्‍याइनेछ ।

२.१.१४ *मानव संशाधन विकास*

गाउँमा सञ्चालन हुने कार्यक्रमहरूमा प्रभावकारिता ल्याउन गै.स.स. डेस्कको व्यवस्थापन गरी गाउँको विकास निर्माणमा गै.स.स.को भूमिका थप प्रभावकारी बनाउने कार्य गरिनेछ । यसको लागि गै.स.स.सँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सो कार्यमा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ । कर्मचारीहरुको कार्य विवरण बनाई लागु गरिनेछ । कर्मचारीहरुको आचार संहिता निर्माण गरी सोमा कर्मचारी माथि हुने लैङ्गिक तथा यौनजन्य हिंसाबाट ति कर्मचारीहरुको कार्य सम्पादनमा पर्ने असर एवम प्रभाव न्यूनिकरणका लागि एक **Sexual Harassment Desk** को समेत अनिवार्य व्यवस्था गरी सो कृयाकलापलाई उच्च प्राथमिकतामा राखी शुन्य सहनशिलताको सिद्धान्त बमोजिम कारवाही प्रकृया अगाडी बढाईनेछ । कार्यस्थलमा अनिवार्यरुपमा CCTV को व्यवस्था गरी सो मार्फत समेत नियन्त्रण गरिनेछ ।

३. **गाउँ विकास योजना छनोटको आधार तथा सूचकहरु**

अव म यस गाउँपालिकाको योजना, वजेट तथा कार्यक्रम तर्जुमाको लागि अवलम्बन गरिएको पद्धति तथा लिइएका आधारहरुको बारेमा व्याख्या गर्न चाहन्छु । जसमा,

१. नेपालको संविधानले परिलक्षित गरेका निर्देशक सिद्धान्त र स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने भनि परिभाषित गरेका २२ वटा अधिकारका क्षेत्रहरु ।

२. हाल स्थानीय शासन ऐन विधेयकको रुपमा संसदमा विचाराधिन रहीरहेको परिप्रेक्ष्यमा अन्य कुनै पनि-ऐनबाट स्थानीय तहको कार्यसञ्चालन तथा नियमन गर्ने व्यवस्था भइनसकेको संक्रमणकालिन स्थितिमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय समयमा जारी भएका आदेश तथा निर्देशनहरु ।

३. दिगो विकासका लक्ष्य तथा त्रि-वर्षिय राष्ट्रिय योजनाले निर्धारण गरेका प्रमुख क्षेत्रहरु ।

४. वडास्तरिय योजना तर्जुमा भेला, विषयगत समिति तथा योजना तर्जुमा समितिबाट सिफारिस भईआएका योजनाहरु ।

५. राजश्व परामर्श समिति तथा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका निर्णयहरु ।

६. बजेट तथा कार्यक्रम तर्जूमा समितिका निर्णयहरु ।

७.विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरुलाई लिइएको छ ।

*योजना तर्जुमाका क्रममा प्राथमिकीकरणका आधारहरु निम्नानुसार लिईएको छ ।*

- बढी भन्दा बढी स्थानीय उपभोक्ता समूहहरुको सहभागिता हुने र श्रम प्राप्त हुने ।
- सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाईदा पुग्ने । रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरु ।
- कृषि उत्पादन वृद्धि गर्न सहयोग पुग्ने कार्यक्रमहरु ।
- स्थानीय साधन सीप र क्षमताका परिचालनबाट सञ्चालन हुन सक्ने कार्यक्रमहरु ।
- पिछडिएका तथा उत्पीडित जाती, जनजाति तथा महिला बालबालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु ।

मूलत : राष्ट्रिय योजना आयोगको मार्गदर्शन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं विषयगत मन्त्रालय/निकायको निर्देशनको पालना गर्दै सेवाग्राहीको माँग, वडाको सिफारिस साथै वडा सदस्यहरुको, सम्बन्धित वडाका भद्रभलादमीको सुझावका आधारमा योजनाको प्राथमिकीकरण एवं छनौट गरिएको छ ।

वार्षिक बजेट तथा योजना तर्जुमा गर्दा अवलम्बन गरिएको क्षेत्रगत नीति तथा आधारहरु,

**क) आर्थिक क्षेत्र:**

१. "जल, जमीन, जनशक्ति, जडिवुटी र जलाधार : स्थानीय जनताको समृद्धिको आधार " भन्ने मान्यतामा गाउँपालिकाले प्राकृतिक श्रोत व्यवस्थापनमा स्थानीय समुदायको सहभागितालाई प्रोत्साहित गर्नेछ ।

२. खेतीपाती र पशुपालन तथा पशु एवं कृषिजन्य उद्योगको स्थापना एवं क्षमता विस्तारका लागि लगानी गर्न चाहने कृषक र उद्यमीहरुका लागि प्रत्येक वडामा लगानीका लागि सुलभ ऋणको व्यवस्था मिलाईनेछ ।

३.गैरकृषिजन्य क्रियाकलापमा भूमिको प्रयोगलाई निरुत्साहित गरी कृषि प्रणालीलाई व्यवस्थित गर्न भूउपयोग योजना बनाईने छ

४. कृषिमा उद्यमशीलता आजको आवश्यकता भन्ने नाराका साथ कृषिको आधुनिकीकरण तथा औद्योगिकीकरणका लागि कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धि गरिनेछ र साना तथा घरेलु उद्योगहरु सञ्चालनको लागि सहजिकरण गरिनेछ ।

५. कृषि-जैविक विविधताको महत्व भएका बाली तथा बस्तुहरुको पहिचान गरी दिगो संरक्षण तथा उपयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

६. कृषि तथा पशुपालन व्यवसायको जोखिम न्यूनीकरणका लागि बाली तथा पशु बिमा कार्यक्रममा सहभागी हुन वडाहरुमा किसान क्लवहरुको गठन गरिनेछ । यी क्लवको माध्यमबाट उन्नत कृषि बाली सम्बन्धी जानकारी गराउने कृषक पाठशाला, नयाँ प्रविधिको प्रयोग, कृषक अध्ययन अनुभव भ्रमण जस्ता सिर्जनात्मक काम गरिनेछ । पशुपालनलाई व्यावसायिक वृद्धिविकासको लागि नश्ल सुधार, कृतिम गर्भधारण, चरण क्षेत्र विकासमा जोड दिईनेछ ।

७. तरकारी, फलफूल तथा पशुधनको थोक बजार संचालन गर्न प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र निर्माण गरिनेछ र सोका लागि साझेदारी कार्यक्रम समेत सञ्चालन गरिने छ । कृषकहरुको उत्पादनलाई सहज ढंगले बजार व्यवस्था गर्न एक वडा एक हाट सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

८. वैदेशिक रोजगारमा संलग्न व्यत्तिहरुको रेमिट्यान्सको निश्चित रकम अनिवार्य रुपमा गाउँपालिकाले खडा गरिने विप्रेशन कोषमा जम्मा गरिने र उक्त रकमको निश्चित प्रतिशत व्याज उपलब्ध गरी सो रकम युवा उद्यम क्षेत्रमा लगानी गर्ने नीति लिईनेछ । यसको लागि बैंकसँग साझेदारी र समन्वय गरिनेछ ।

९. ऐतिहासिक, धार्मिक-सांस्कृतिक, प्राकृतिक आकर्षणका स्रोत र सम्पदालाई आर्थिक आर्जनको आधार बनाइनेछ ।

१०. सांस्कृतिक एवं पर्यावरणीय पर्यटन पूर्वाधार (भ्यू टावर, पार्क, ऐतिहासिक स्थल तथा सांस्कृतिक पहिचान) सञ्चालनको लागि सम्भाव्यता अध्ययन गरि पूर्वाधार निर्माणको साथै विभिन्न क्षेत्र तथा निकायलाई लगानीको लागि आमन्त्रण गरिनेछ ।

११. होम-स्टे, सानो लज तथा सामुदायिक आवास व्यवस्थापनका लागि सहुलियतपूर्ण ऋण, प्राविधिक सहयोग र तालिम आदिको समन्वय गरी सेवाको गुणस्तर वृद्धि गरिनेछ ।

१२. कम्तिमा एउटा सामुदायिक पर्यटन सूचना र सेवा केन्द्र स्थापना गरिनेछ । यस केन्द्रबाट पर्यटकीय सेवा र सूचनाका अतिरिक्त स्थानीय हस्तकलाको प्रदर्शन तथा बिक्री कार्य संचालन गरिनेछ ।

१३. व्यवसायिक शिक्षा अन्तर्गत कृषि विषय पठनपाठन हुने विद्यालयसँग साझेदारी र समन्वय गरी कृषि उत्पादन र कृषकहरुको क्षमता विकासमा सहयोग पुऱ्याईनेछ । उच्च मूल्यको फलफुल खेतीलाई प्रोत्साहन दिँदै विभिन्न कृषि उपज उत्पादनको पकेट क्षेत्र घोषणा गरी उत्पादन वृद्धिमा सहयोग पुऱ्याइने छ ।

१४. स्थानीय तहमा उपलब्ध औद्योगिक तथा कृषिजन्य कच्चा पदार्थको तथ्याङ्क संकलन, अभिलेख व्यवस्थापन कार्य गरिनेछ । कच्चा पदार्थको संरक्षण र उपयोग सम्बन्धी नीति र मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ

१५. युवाहरुलाई प्रोत्साहन दिई स्वरोजगारको प्रवर्द्धन गर्न एक "युवा उद्यम कोष" स्थापना गरिनेछ । नवीन सोच सहितको युवा जाँगर र उद्यमशीलता प्रयोग गर्न १८ देखि ४५ वर्षसम्मका युवाहरुलाई लक्षित गरी सहकारी मार्फत सहुलियतपूर्ण वित्तीय कार्यक्रम ल्याइनेछ ।

१६. गाउँपालिकाको विभिन्न स्थानमा कृत्रिम पोखरी निर्माण गरि माछापालन शुद्धिकरण गर्दै आय आर्जन र पर्यटकीय गन्तव्य निर्माणको आधार तयार गरिने छ ।

१७. जडिबुटिमा आधारित वनजंगलको विकास गर्न सम्भाव्यता अध्ययन गरी प्रतिष्ठित लगानीकर्तालाई आमन्त्रण गरिनेछ ।

१८. एकिकृत सम्पत्ति कर लागू गर्नका लागि यसै आ.व. मा मुल्याङ्कन समिति गठन गरी सोही समितिको सिफारिस बमोजिम गहन छलफल गरी आगामी आ.व. देखि अनिवार्यरुपमा लागू गर्न पहल गरिनेछ ।

Scanned with CamScanner

ख. सामाजिक विकास क्षेत्र

१. प्रत्येक वडामा माध्यमिक तहसम्म निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सर्वसुलभ गराइनेछ । बालबालिकाहरुले मातृभाषामा आधारभूत शिक्षामा प्राप्त गर्न पाउने अधिकार सुनिश्चितताको लागि मातृभाषाको शिक्षामा जोड दिंदै अंग्रेजी माध्यमबाट पठनपाठनको समेत व्यवस्था मिलाई त्रैभाषिक शिक्षा नीति अवलम्बन गरिनेछ ।

२. १२ कक्षा र स्नातक तह उत्तिर्ण युवालाई लक्षित गरी युवा शीपवृत्ति योजना सञ्चालन गरिनेछ जस अन्तर्गत स्थानीयस्तरका विद्यालय, सरकारी तथा गैरसरकारी निकायको कार्यक्रमहरुमा इन्टर्नसीपगर्न गाउँपालिका भित्रका कम्तिमा एक सय युवालाई अवसर उपलब्ध गराइनेछ ।

३. यस गाउँपालिका अन्तर्गतका विद्यालय जाने उमेरका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भई नियमित उपस्थित गराउन र सिकाई स्तर वृद्धि गर्न जोड दिईनेछ र प्रारम्भिक बाल विकास केन्द्रमा अध्ययनरत बालबालिकाहरुको सिकाई स्तर वृद्धिको लागि प्रारम्भिक साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सबै सामुदायिक विद्यालयमा कम्तिमा ६ महिनाको एक पटक स्वास्थ्य परिक्षण र आधारभूत उपचारको व्यवस्था गरिनेछ ।

५. गाउँपालिकामा प्रसुती सेवा सहितको कम्तिमा १५ शैयाको अस्पतालनिर्माण गरिनेछ । यस अस्पताललाई अन्य ठूला अस्पतालको सेवासँग आबद्ध गरिनेछ । गाउँपालिका भरीका जेष्ठ नागरिकहरुको गाउँगाउँमा पुगेर स्वास्थ्य परीक्षण गरि आवश्यक उपचार व्यवस्थाको लागि सहजता प्रदान गरिनेछ । स्वास्थ्य चौकीको स्तरवृद्धि गर्दै र प्रसुती सेवा उपलब्ध गराउन प्राथमिकता दिइनेछ ।

६. गाउँपालिकाका प्रत्येक नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

७. सबैका लागि स्वस्थकर खानेपानी सुनिश्चित गर्न सबै बस्तीहरूमा सुरक्षित खानेपानी पुऱ्याइनेछ । सञ्चालित योजनाहरुको प्रभावकारी व्यवस्थापनको लागि एकिकृत खानेपानी व्यवस्थापन योजना बनाएर लागू गरिनेछ । खानेपानीका मुहानहरूको संरक्षण र खानेपानीको गुणस्तर कायम गर्न सरसफाइ कार्यक्रमहरु निर्देशित हुनेछन् । विद्यालयमा स्वच्छ पिउने पानी र सरसफाई सुनिश्चितताको लागि प्रोत्साहित गरिनेछ ।

८. "सुत्केरी आमा : पोषिलो खाना" भन्ने नाराका साथ स्थानीय स्वास्थ्य संस्थाको सिफारिसमा सुत्केरी आमाहरुलाई पोषण भत्ताको व्यवस्था गरिनेछ । प्रत्येक वडामा गर्भवती दम्पत्तीलाई गर्भवती स्याहार र नवजात शिशु स्याहार सम्बन्धी सचेतना कक्षा सञ्चालन गरिनेछ ।

९. युवाहरुको सीप र दक्षतामा वृद्धि गरी रोजगारीको अवसरहरु श्रृजना गर्न एक बहु प्राविधिक शिक्षालयको सम्भाव्यता अध्ययन गरिनेछ

१०. बस्तीस्तरको लोप हुन लागेको साँस्कृतिक मेलाहरुको संरक्षण गर्दै आर्थिक उपार्जनको लागि पर्यटन प्रवर्द्धनसँग जोडिनेछ । धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा जोड दिईनेछ ।

११. वातावरणीय सरसफाई प्रवर्द्धन योजना निर्माण गरि स्वच्छ, सुन्दर र पूर्ण सरसफाइयुक्त समुदाय निर्माणमा जोड दिइनेछ ।

१२. दलित समुदायको परम्परागत सीपलाई आधुनिकिरण गर्दै व्यवसायीकरणमा जोड दिइनेछ र महिला तथा बालबालिकाको विरुद्धमा हुने हिंसा र दुर्व्यवहार अन्त्य र सबै नागरिकको सम्मानको लागि लैंगिक तथा सामाजिक समावेशीकरण नीति बनाई लागू गरिनेछ ।

१३. बालबालिकाको सहभागिता, संरक्षण र विकासको अधिकार सुनिश्चित गर्न बाल संरक्षण र सहभागिता प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिंदै सबै बालबालिकाहरुलाई आयोडिनयुक्त नुनको व्यवस्था गरिनेछ ।

१४ प्रत्येक वडा केन्द्रमा स्थानीय तहको खेलकुद मैदान तथा गाउँपालिकाको केन्द्रमा उपयुक्त खेलकुद रंगशाला र संरचनाको व्यवस्था गरिनेछ।

**ग. पूर्वाधार विकास क्षेत्र**

१. गाउँपालिकाका सबै वस्तीहरु सडक सञ्जालबाट जोडिनको लागि बजेट विनियोजनमा प्राथमिकता दिइनेछ र वडाका केन्द्रहरु जोड्ने सडकको स्तरोन्नती गरिनेछ।

२. स्थानीय सडकहरुको निर्माण, उपयोग गर्दा वातावरणीय सन्तुलनलाई ध्यान दिइनेछ। खासगरी पानीको मुहान, खोला खोल्सी, वनको संरक्षणलाई प्राथमिकता दिइनेछ। हेभी ईक्विपमेन्ट जस्ता ठूला मेसिनहरुको जथाभावी प्रयोगलाई नियन्त्रण र निरुत्साहित गरिनेछ।

३. स्थानीय सडकहरुलाई पर्यटकीय, ऐतिहासिक र हरित लगायत सडकहरुमा वर्गीकरण गरिनेछ।

४. सार्वजनिक जमिनको रेखाङ्कन गरि अभिलेख राखी तिनको सुरक्षा र उत्पादनमुलक क्षेत्रमा प्रयोग गरिनेछ।

५. सबै वडाहरुमा राष्ट्रिय प्रशारणलाईन मार्फत ग्रामिण विद्युतीकरण विस्तार गर्दै लगिनेछ।

६. सार्वजनिक-निजी साझेदारीमा बैकल्पिक तथा नवीकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ।

७. कृषि उत्पादन वृद्धि गर्ने सिंचाइ प्रणालीहरुलाई भरपर्दो, आधुनिक र दिगो बनाइनेछ। पानीका स्रोतहरुको संरक्षण र सदुपयोगमा ध्यान दिइनेछ।

८. प्रत्येक वस्तीको घरघरमा जनतालाई विभिन्न सूचना, मनोरञ्जन र उपयोगी सीप तथा ज्ञान प्रवाह गर्नका लागि गाउँपालिकाद्धारा एफ.एम. सञ्चालन तथा पत्रिका प्रकाशन गरिनेछ।

९. निर्माणमा स्थानीय समुदायको अग्रसरतालाइ प्रोत्साहन गरी स्थानीय सामग्रीको प्रयोगलाई बढावा दिइनेछ।

**घ. वातावरण तथा विपद व्यवस्थापन क्षेत्र :**

१. नयाँ बन्ने सबै घर तथा संरचनाहरुलाई भूकम्पप्रतिरोधी बनाइने व्यवस्था गरिनेछ र पुर्ननिर्माण अर्न्तगत आवास निर्माण कार्यक्रमलाई सहजिकरण गरिनेछ।

२. आफ्नो गाउँमा विपदको जोखिम आकंलन गर्न विपद जोखिम क्षेत्रको नक्साङ्कन, स्थानान्तरण र विपदको पूर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै गाउँपालिकामा आपतकालिन उद्धार तथा राहत कोष तथा सामग्रीको व्यवस्था गरिनेछ।

३. बाढी, पहिरो, चट्याङ, हावाहुरी, आगलागी, खडेरी, अतिवृष्टि र भूकम्प जस्ता कारणहरुको आंकलन गर्ने र यिनीहरुबाट हुने नकारात्मक प्रभावलाई घटाउन वा हटाउन विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय जनतासँग सहकार्य गरी आवश्यक वडा तथा गाउँपालिकास्तरको विपद व्यवस्थापन तथा प्रतिकार्य योजना बनाईनेछ।

४. कृषि तथा उद्योग क्षेत्रलाई आर्थिक स्रोतको एउटा प्रमुख आधार बनाइनेछ।

५. उच्च प्रविधियुक्त नर्सरी, वनको विकास र वनमा आधारित उद्योग सञ्चालनका लागि कृषि क्षेत्रलाई प्राप्त सुविधाहरु उपलव्ध गराउने नीति अवलम्बन गरिनेछ।

६. सामुदायिक, नीजि तथा सार्वजनिक क्षेत्रको साथै सडक वरिपरी वार्षिक रुपमा नियमित वृक्षारोपण गर्न प्रोत्साहित गरिनेछ।

७. बजार क्षेत्रको फोहोर मैला व्यवस्थापन गर्नुको साथै प्राकृतिक वनको व्यवस्थापनलाई वातावरणीय सेवा र पर्या-पर्यटनसँग आबद्ध गर्दै लगिनेछ।

Scanned with CamScanner

८. आफनो क्षेत्रको वन, जल आदि प्राकृतिक स्रोतको दोहन तथा उपभोगबाट प्राप्त आम्दानीको एउटा निश्चित हिस्सा
प्राकृतिक स्रोत साधनको संरक्षण तथा वातावरणीय सचेतना कार्यक्रमहरुमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
९. जलवायु परिवर्तनले आफनो क्षेत्रमा पारेको प्रभावको अध्ययन र त्यसको निरुपण गर्नका लागि संघीय सरकारी र गैर-
सरकारी कार्यक्रमहरुसंग संयोजन गरी आफनो प्राथमिकताको क्षेत्रमा कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे आम नागरिकहरुलाई सचेत गराउनुका साथै औपचारिक शिक्षामा समेत यी
विषय समावेश गरिनेछ ।
११. यसक्षेत्रको पर्यावरणीय संरक्षण गर्दै जलस्रोत तथा खानेपानीको मूल संरक्षणको लागि यस वर्ष जलाधार संरक्षण योजना
निर्माण गरी कार्यान्वयनको थालनी गरिनेछ ।
१२. उत्पादनमूलक क्षेत्रमा भू संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१३. "हाम्रो गाउँसफा र स्वच्छ ठाउँ"नाराका साथ बुढीगंगा सफाई अभियान सञ्चालन गर्ने र खोलाहरु प्रदुषणबाट जोगाउन
आवश्यक नियम कानुन बनाई कार्यान्वयन गर्नुका साथै खोलाहरु र सडक छेउमा उद्यान तथा पार्कहरु निर्माणमा प्राथमिकता
दिईनेछ

**ङ. संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र**

१. स्थानीय जनताको सुरक्षा र सम्पत्तिको संरक्षण, स्थानीय सरकारको नीति, निर्णय, मापदण्ड र कानुनको कार्यान्वयन गर्ने गरी
निकट भविष्यमा ग्राम प्रहरी संगठित र परिचालित गरिनेछ । स्थानीय बजार, सभा समारोह, पार्किङ स्थल र चाडपर्वको सुरक्षा
र व्यवस्थापनमा ग्राम प्रहरी परिचालित हुनेछन ।
२. सूचना प्रविधिको उपयोग गरी समन्वयात्मक तथा कम खर्चिलो तवरले स्थानीय तहका दैनिक प्रशासनिक अभिलेखहरुलाई
आधिकारिक तथ्याङ्का रुपमा प्रयोग गर्न सकिने व्यवस्था गरिनेछ ।
३. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह जस्ता महत्वपूर्ण तथ्याङ्कलाई अनलाइन प्रणालीबाट प्रादेशिक तथा केन्द्रीय निकायमा
नियमित रुपमा पठाउने व्यवस्था गरिनेछ ।
४. स्थानीय तहको शासन र प्रशासनिक संयन्त्रलाई समावेशी, सेवामुखी, स्तरीय, विधिसम्मत र जनतामैत्री बनाउने लक्ष्य
लिईएको छ । सरकारी सेवाप्रदायक निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन
सुनिश्चित गर्नु गाउँपालिकाको आधारभूत नीति हुनेछ । जनताको गुनासो सुनुवाई संयन्त्रको निर्माण गरी कार्यान्वयन
गरिनेछ । नागरिक सन्तुष्टि फाराम निर्माण गरी नागरिकहरुको पृष्ठपोषणको आधारमा सेवा प्रवाहमा सुधार गरिनेछ ।
५. जेष्ठ नागरिक, अपांगता भएको व्यक्ति, एकल महिला, लोपोन्मुख आदिवासी जनजातिलाई प्रदान गरिने सामाजिक सुरक्षा
भत्ता समयमा सहज रुपमा प्रदान गर्नको लागि पारदर्शी र जवाफदेही वितरण प्रणाली अपनाईनेछ र जेष्ठ नागरिकहरुको
ज्ञान तथा अनुभव आदान प्रदान गर्नको लागि वडास्तरमा विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
६. सबै **सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री** प्रविधि राखी निर्माण गर्नुपर्ने मापदण्ड जारी गरी कार्यान्वयनको अनुगमन गरिनेछ ।
७. दलित, सिमान्तकृत, लोपोन्मुख आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन
अनुरूप सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ । अपाङ्गताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका
अवसरहरूमा पहुँच विस्तार गरिनेछ तथा उक्त वर्गको स्वरोजगारीका अवसरहरूको सृजना गर्दै उद्यमशीलताको विकास गर्न
आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।
८. उद्यमीहरुलाई करको दोहोरो भार नपर्ने मात्र होइन, कर पनि न्यूनतम हुने गरी नीतिहरु ल्याइनेछ ।

९. करका प्रशासनिक प्रक्रियाहरु सरल हुनेछन् । उठ्नुपर्ने सम्पत्ति कर, व्यवसाय कर, विज्ञापन कर, घर बहाल कर, मनोरञ्जन कर, शुल्क र जरिवानाहरु एवं मालपोत जस्ता स्थानीय आम्दानीका व्यापक स्रोतहरुको सूक्ष्म अभिलेख राख्ने काम पारदर्शी र जवाफदेहीपूर्ण बनाउन आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरिनेछ । करदाताले स्वेच्छिक रुपमा कर दाखिला गर्न सक्नेछन् । तर कर छली र चुहावट रोक्न शून्य सहनशीलताको सिद्धान्त अवलम्वन गरिनेछ ।

१०. सार्वजनिक खर्चको अनुगमन र नागरिक रिपोर्ट कार्ड जस्ता स्थानीय सरकारलाई जवाफदेही बनाउन अपनाइने विश्वव्यापी लोकतान्त्रिक विधिहरुलाई अनिवार्य रुपमा अवलम्वन गरिनेछ ।

११. गाउँपालिकाको वस्तुगत तथ्यांकलाई अद्यावधिक गरि प्रोफाईल निर्माण कार्यलाई निरन्तरता दिईनेछ र विभिन्न क्षेत्रको सम्भाव्यता अध्ययन गरि रणनैतिक योजना निर्माण गरिनेछ ।

### अपेक्षित उपलब्धी

#### पूर्वाधार विकासतर्फ

- राजमार्गबाट प्रत्येक वडा केन्द्र जोड्ने सडक बाह्रै महिना सञ्चालन हुने ।
- प्रत्येकगाउँ टोल सडक सञ्जालसँग जोडिएको हुने ।
- खानेपानी समस्या परेको समुदायको घर घरमा स्वच्छ खानेपानीको सुविधा हुने ।
- पूर्ण सरसफाईयुक्त समुदाय (प्रत्येक घरमाशौचालय, फोहोर व्यवस्थापन) निर्माण हुने ।
- स्थानीयकला र संस्कृति प्रवर्द्धन गर्दै आर्थिक उपार्जन वृद्धि हुने ।
- लैंगिक समता र सामाजिक सद्भावविकास भएको समुदाय निर्माण हुने ।
- नयाँ Connectivity Road हरुको निर्माणलाई प्राथमिकता दिइएकाले सकरात्मक प्रभाव पर्ने ।

#### आर्थिक विकास

- आन्तरिक तथाबाह्य पर्यटन विकास गरी समुदायको आम्दानी वृद्धि हुने ।
- आधुनिक कृषि प्रणाली विकास गर्न युवाको संहभागिता र कृषिउपजलाई सहजरुपमाबजारीकरण हुने
- सानातथा घरेलु उद्योग तथाव्यवसायहरुको संख्या वृद्धि हुने ।
- सहकारी मार्फत उत्पादन क्षेत्रमालगानी वृद्धि हुने ।
- कृषिउत्पादन वृद्धि गर्ने साना सिंचाइ सुविधाहरु प्राप्त हुने ।

#### सामाजिकविकास

- सबै बालबालिकाविद्यालयमाभर्ना भएको, बालबालिकाको उपस्थिति दर वृद्धि गर्दै सिकाइ स्तर सुधार हुने ।
- संहजमाध्यमिकतथाउच्चशिक्षा र कृषितथाप्राविधिकशिक्षा प्रवर्द्धन हुने ।
- प्रत्येकनागरिकले आधारभूत स्वास्थ्य सेवाप्राप्त गर्ने ।
- विद्युतीकरण र वैकल्पिकउर्जा प्रवर्द्धन हुने ।

#### वन, वातावरण तथाविपद् व्यवस्थापन

- वनजंगल संरक्षण गर्दै जडिबुटी उत्पादनएवं बजारीकरण हुने ।

Scanned with CamScanner

- उत्पादनमूलक भू संरक्षण तथाजलउत्पन्नप्रकोप नियन्त्रण हुने ।
- समुदायमाविपद् व्यवस्थापनतथापूर्व तयारी योजना, ज्ञान तथा सीपविकास हुने ।

**संस्थागत विकास तथा सेवा प्रवाह**

- घर-घरमा सूचना र प्रविधिको सदुपयोग हुने ।
- संस्थागत अभिलेखहरु चुस्त दुरुस्त रुपमा व्यवस्थापन हुने
- तोकिएको समय अवधिमा जन्म मृत्यु बसाईसराई जस्ता मुख्य घटनाहरु दर्ता हुने ।
- विद्युतीय सरकारको अवधारणा कार्यान्वयन हुने ।

**वित्तीय व्यवस्थापन तथा सुशासन**

- स्थानीय सरकारको सेवाप्रवाह पारदर्शी तथा जवाफदेही हुने ।
- वेरुजु शून्य भएको र पुरानो वेरुजुको अद्यावधिक अभिलेख भएको हुने
- करका सम्भाव्यश्रोतहरु करको दायरामा समेटिएको हुने ।

आदरणीय सदस्य महानुभावहरु

राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेका छौ । संविधान घोषणा भइ कार्यान्वयमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भइ मूलुक राजनीतिक स्थीरतातर्फ उन्मुख भएको छ । स्थानीयतहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ । राजनितिक प्रणालीप्रति नागरिकको भरोसा पुनस्थापित भएको छ । यो समयलाइ आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अवको हाम्रो वाटो भनेको तिव्र आर्थिक विकास नै हो । स्थानीय तहको गठन पश्चात संघीयता कार्यान्वयन र लोकतन्त्र संस्थागत हुने मात्र हैन आफ्नो गाउँठाउँको विकासमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित हुन्छ । यस अवसरमागाउँपालिकाको निर्वाचनमा उत्साहपूर्ण सहभागिता जनाउनु भएका आम मतदाता र निर्वाचनलाईसफल बनाउन भूमिका खेल्नु हुने सबैप्रति हार्दिक आभार प्रकट गर्दै प्रस्तुत नीतितथा कार्यक्रमलाई कार्यान्वयन गर्ने सवालमा यसरीनै उत्साह र सहयोगका लागि अनुरोध गर्दछु ।

आदरणीय सभाध्यक्ष महोदय एवम् गाउँसभाका सदस्यज्यूहरु

यस गाउँपालिकाको आर्थिक सामाजिक र सांस्कृतिक अवस्थाका पृष्ठभूमिमा [illegible] गर्ने र नागरिकको [illegible] बजेट [illegible] । यस्तो महत्वपूर्ण [illegible] विभिन्न क्षेत्रका व्यक्तित्वहरुको सुझाव एवं स्थानीय [illegible] र स्थानीय तहका अधिकार एवं [illegible] गाउँपालिकालाई विकासका [illegible] हुन दिन नहुने अवस्था [illegible] रहेको छ । [illegible] तयारीमा नै [illegible] गर्नुपर्ने [illegible] सबै [illegible] सहज [illegible] नसकेको हुन सक्छ । त्यसलाई कार्यान्वयनका क्रममा आउने पृष्ठपोषणको आधारमा सुधार गरी अगाडि बढ्नुको विकल्प छैन । हामी सबैलाई थाहा छ, हाम्रा चाहना र आवश्यकताहरु असिमित छन्, तर स्रोत र साधनहरु सिमित छन् । सिमित स्रोत र साधनबाट समग्र गाउँवासीको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चुनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकतापूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र बाध्यता हो, यस तर्फ सदस्यज्यूहरुको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।

आदरणीय महानुभावहरु,

अब म तत्कालिन गाउँविकास समितिहरु हुँदै आजको यो अवस्थासम्म आइपुग्दाका केही विषयगत यथार्थ समक्ष निवेदन गर्न चाहन्छु । अबका हाम्रा विकासका गतिविधि एवं सेवा प्रवाह समेत ती सबै वडाका जनतालाई केन्द्रबिन्दुमा राखेर समानुपातिक एवं समन्यायिक तवरले प्रवाह गर्नुपर्ने कुरामा कसैको विमति छैन तथापि विगतमा जे अभ्यास गरिएकाथिए [illegible] सिद्धान्तलाई यो नयाँ संरचनात्मक व्यवस्थामा समेत हु-बहु अनुसरण गरिएमा, जनताले फरक अनुभूति गर्न [illegible] भन्ने खोज्नुपर्ने हुन्छ, त्यसैले यो बजेट तयारीका क्रममा केही विषयहरुलाई फरक ढंगले सम्बोधन गर्न खोजिएको छ । तत्कालिन गाउँविकास समितिबाट प्रकाश भएको बजेटबाट धेरै बस्तीहरुमा कच्ची बाटो एवं साना-साना पूर्वाधारहरु पुगेका छन् । साना-साना आयोजनाहरुमा गरिएको लगानीले केही न केही सुधार गरेको छ । ठूला पूर्वाधार तथा आर्थिक सामाजिक विकासका क्षेत्रमा दीर्घकालिन योजना बनाएर जान तत्कालिन संरचना र बजेटबाट सम्भव थिएन र भएन पनि । जसका कारणले गर्दा पुनर्संरचनाको माग भयो र पुनर्संरचना समेत भई हामी आजको यो अवस्थामा आइपुगेका छौं र विगतका [illegible] जनताका अपेक्षाहरुपूरा गर्नुपर्ने दायित्व अब हाम्रो काँधमा आइपुगेको छ । जसलाई हामीले चुनौतिको रुपमा लिएका छौं । विगतमा बनिसकेका बाटोघाटोहरुलाई फराकिलो एवं बाह्रै महिना यातायात सञ्चालन हुनसक्ने तुल्याउनु र जनताले अपेक्षा गरेका विषय र समाजको सक्षमतालाई तादाम्यता गराइ समृद्धितर्फ लम्काउनु आजको आवश्यकता रहेको छ । विषयगत कार्यालयका रुपमा चिनिने कृषि, पशु, महिला तथा बालबालिका, वन, घरेलु, शिक्षा, स्वास्थ्यजस्ता निकाय एवं गैरसरकारी कार्यालयहरुबाट सञ्चालित कार्यक्रमहरुले चेतनाको विकास एवं जनजीवनलाई केही सहज तुल्याएको छ, तर ती निकायहरुबीच समन्वयको अभावमा जति अपेक्षा गरिएको थियो र छ, सो बमोजिम हुन भने सकेको छैन । यस गाउँपालिका स्थानीय तहको रुपमा परिणत भएपश्चात कार्यालय व्यवस्थापनसम्म सामान्य रुपमा गर्न सकिएको छ, अझै पनि सबै वडा कार्यालयहरुलाई

व्यवस्थित रुपमा सञ्चालन गर्न सकिएको छैन । यसै आर्थिक वर्षभित्र निर्माण गर्न आवश्यक रहेका वडा कार्यालयहरुको भवनको जग्गा प्राप्तिका लागि ईच्छुक जग्गादाताहरुलाई अनुरोध गरिनेछ । विकास निर्माणका क्रममा हुनसक्ने दुरुपयोग रोक्न सचेतक (Watch Dog) को भुमिका निर्वाह गर्न तथा सो क्रममा आईपर्ने समस्याको समाधान गरी सहजिकरण गरिदिन हुन सम्पुर्ण नागरिकहरुलाई अनुरोध गरिनेछ र गर्दछु । वित्तिय अनुशासनतर्फ तत्कालिन गाउँ विकास समितिहरुमा रहेको पेश्की वेरुजु एवं जिन्सीको अद्यावधिक विवरण तयार गरी व्यवस्थित गर्नु चुनौतिको रुपमा रहेको छ । साथै सरकारी एवम सार्वजनिक सम्पत्तिहरुको अभिलेखिकरण गरी अद्यावधिक गरी राख्नुपर्ने कार्य समेत गहन जिम्मेवारीको रुपमा रहेको छ । यस आर्थिक वर्षमा साविक देखि कर्मचारीहरुलाई दिईएको सेवा, सुविधा समेत तोकिए वमोजिम व्यवस्था गरी कर्मचारीहरुको उच्च मनोवल कायम गर्ने प्रयास गरिएकोछ ।

अन्त्यमा यस गाउँपालिकाको विकास र सम्वृद्धिमा निरन्तर सहयोग र सदभाव राख्नुहुने आम दिदी भाई, दाजु वहिनीहरु, करदाता, सरकारी,गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको तयारीमा अहोरात्र खटिई यसलाई मुर्तरुप दिनुहुने सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद सहित सफल कार्यान्वयनमा समेत सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

हेमन्तकुमार बहडखेर
अध्यक्ष
तिरहुत गाउँपालिका,गोईठी,सप्तरी

धन्यवाद !

Scanned with CamScanner